# १२ यस संसारमा येशूका अन्तिम दिनहरू

<u>*यस अध्यायका मूल पदहरू:*</u> मत्ती २६:१-१६, लूका १२:४८,, मत्ती २६:१७-१९, १ कोरन्थी ५:७, मत्ती २६:३६-४६ र मत्ती २६:५१-७५।
<u>*स्मरण गर्नुपर्ने यस अध्यायको मूल सार पद:*</u> "आजै राती मेरो कारण तिमीहरू सबै जना भागभाग हुनेछौ।" (मत्ती २६:३१ रूपान्तरित)।

क्रुसको निर्मम यातनामा पर्नुभन्दा अन्तिम क्षणहरू येशूको अवस्था कस्तो थियो भनेर यस अध्यायमा हेरिनेछ। **यस पृथ्वी र साथै सारा जगत नै सृष्टिको इतिहासको एक निर्णायक तथा महत्त्वपूर्ण घडीको सामना गर्न गइरहेका थिए।**

**यस अध्यायमा उल्लेख गरेका धेरै घट्नाहरूबाट हामीहरूले धेरै पाठहरू सिक्न सक्दछौं। तर जब हामी यस अध्याय हेर्नेछौं तब दुईवटा मूख्य विषयबस्तुहरूतिर हामीहरूको ध्यान केन्द्रित गर्न नभुलौं-ती हुन्: प्रत्येक मानव प्राणीलाई परमेश्वरले प्रदान गर्नुभएको व्यक्तिगत स्वतन्त्रता र आत्मनिर्णयको अधिकार जसलाई उहाँले हस्तक्षेप गर्नुहुन्न। येशूका अन्तिम दिनहरूमा उहाँसँग संलघ्न बिभिन्न पात्रहरूले महान् र महँगो स्वतन्त्रताको बरदानलाई कसरी उपभोग गरे सो हामी हेरौं। त्यो बरदानलाई उपभोग गरेर उब्जिने शक्तिशाली र अजम्मरी नतिजालाई पनि हामी हेरौं।**

**पत्रुस, यहूदी इस्करयोती र सुगन्धित अत्तर ल्याउने महिलाहरू सबैले व्यक्तिगत आत्मनिर्णयको अधिकार प्रयोग गर्नुपरेको थियो। मानव प्राणीले प्रयोग गर्नुपर्ने व्यक्तिगत आत्मनिर्णयका अधिकारहरू येशूले पनि प्रयोग गर्नुपर्ने थियो जुन्  मानव इतिहासमा अत्यन्त महत्त्वपूर्ण मानिएको छ। ती निर्णयहरूको पराकाष्टा वा महान् चुचुरो उहाँ क्रुसको निर्मम यातना भोग्ने कि नभोग्ने उहाँले निर्णय गर्नुपरेको थियो। उहाँको मानव शरीरले त्यो पिडा भोग्न चाहेको थिएन र उहाँले दर्दनाक चित्कार गर्नुभएको थियो: "हे, मेरो बुबा, यदि संभव भए यो कष्टको कचौरा मबाट हटिजाओस्। तर मैले जे चाहेको होइन तपाईंले जे चाहनुहुन्छ सो होस्" (मत्ती २६:३८ रूपान्तरित)।**

**यो कस्तो अनौठो सोच हो: हामीले दुरूपयोग गरेको व्यक्तिगत आत्मनिर्णयको अधिकारले परमेश्वरको पुत्र येशूलाई त्यस्तो स्थितिमा पुऱ्याइएको**

थियो कि हामीहरूको अस्तित्वलाई ध्वस्त पार्ने कि उहाँसँग स्वर्गको राज्यमा सदासर्वदा बसाल्ने निर्णय गर्ने। यो निश्चित त थियो नी, हामीहरूले पाएको व्यक्तिगत आत्मनिर्णयलाई हामीहरूले दुरुपयोग गर्दा हामीहरू नाश हुनुपर्ने जायजता।

## १. अति अतुलनीय सुन्दर काम (मत्ती २६:१-१६)

यस संसारमा येशूको अन्तिम दिनहरूमा हामी पसिरहेकाछौं। उहाँलाई क्रुसमा अझै चढाइएको थिएन। उहाँ मृत्युबाट अझै बोरिउठ्नुभएको थिएन। आफू क्रुसमा टाँगिएको र पुनरुत्थान हुनुभएको संसारको मुक्तिदाता भनेर उहाँले पूर्णरूपमा अझै प्रकट गर्नुभएको थिएन। उहाँलाई पछ्याउने महिला र पुरूषहरूले उहाँलाई प्रेम गर्थे र उहाँको अति सराहना गर्थे। तर उहाँ यथार्थमा को हुनुहुन्छ र तिनीहरूको निम्ति उहाँले के गर्नुहुनेछ सो धेरै सिक्नु बाँकि नै थियो। तिनीहरूभन्दा हामीहरू धेरै भाग्यमानी छौं किनभने हामीहरूलाई पूरै बाइबल उपलब्ध गराइएको छ र पापलाई शुद्ध गर्ने येशूको मृत्युको अत्यन्त प्रभावकारी व्याख्या पावलले दिएको हामीसँग छ। त्यसकारण येशूको बारेमा हामीलाई यस्तो धेरै थाहा छ कि जुन् उहाँको समयमा उहाँलाई पछ्याउनेहरूलाई थाहा थिएन।

उपरोक्त पृष्ठभूमिलाई मनमा राखेर मत्ती २६:१-१६ पढ्नुहोस्। त्यहाँ येशूको निम्ति अत्यन्त महँगो के उपहार ल्याइएको थियो? येशूसँगको मामिलामा हामीहरूले त्यसबाट के सिक्न खोज्नुपर्छ? हेर्नुहोस्, "१ यी सबै कुरा सिकाइसक्नुभएपछि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, २ "तिमीहरूलाई थाहै छ, दुई दिनपछि निस्तार चाड आउनेछ। त्यतिखेर क्रूसमा झुण्ड्याएर मार्नलाई मानव पुत्र सुम्पिइनेछ।" ३ त्यसै बेला कैयाफा प्रधान पूजाहारीका आँगनमा मुख्य पूजाहारी र अरू अगुवाहरू मिलेर सभा गरे। ४ त्यस सभामा तिनीहरूले येशूलाई सुटुक्क पक्रेर मार्ने मतो गरे। तर तिनीहरूले यस्तो विचार गरे, ५ "चाडको बेलामा चाहिँ हामीले यो काम गर्नुहुँदैन, नत्रता मानिसहरूमा ठूलो गोल-माल मच्चिनेछ।" ६ येशू बेथानियामा सिमोन कुष्ठरोगीको घरमा जानुभयो। ७ एउटी स्त्री सिङ्गमरमरको भाँडामा धेरै महँगो अत्तर लिएर येशूकहाँ आइन्। उहाँले खाना खान लाग्नुभएको बेला उहाँको टाउकोमा सबै अत्तर खन्याइदिइन्। ८ उनले यसो गरेको सहन नसकेर चेलाहरूले भने, "यति धेरै अत्तर किन त्यसै खेर फालेको? ९ बरु यसलाई धेरै पैसामा बेचेर

गरीबहरूलाई बाँडिदिएको भए हुन्थ्यो नि!” १० तिनीहरूले यस्तो कुरा भनेको सुनेर येशूले भन्नुभयो, “किन तिमीहरू यिनलाई कचकच गर्छौ? यिनले मेरो लागि एउटा असल काम गरेकी छिन्। ११ गरीबहरू त तिमीहरूसँग जहिले पनि हुन्छन्, तर म त हुन्न! १२ यो अत्तर खन्याएर यिनले मेरो शरीरलाई गाड्नको लागि तयार पारेकी हुन्। १३ साँच्चै म तिमीहरूलाई भन्छु, संसारभरिमा यो सुसमाचार जहाँ-जहाँ सुनाइनेछ, त्यहाँ-त्यहाँ यिनले गरेको यस कामको पनि सम्झना गरिनेछ।” १४ त्यसपछि बाह्र जना चेलाहरूमध्ये यहूदा इस्करियोत भन्नेचाहिँ मुख्य पूजाहारीहरूकहाँ गएर भन्यो, १५ “यदि मैले येशूलाई पक्राइदिएँ भने मलाई के दिनुहुन्छ?” अनि तिनीहरूले त्यसलाई यस कामको लागि चाँदीका तीस वटा सिक्का दिए। १६ त्यस बेलादेखि यहूदाले येशूलाई पक्राइदिने मौका खोज्न लाग्यो।"

**येशूको शिरमा अत्तर खन्याइएको मत्तीले आफ्नो कथामा लेख्दछन्। त्यो घट्ना येशू गधामा चढेर यरुशलेममा जानुभन्दा अघि भएको हुनसक्दछ। जुनसमय पुजारीहरूले येशूलाई मार्ने षडयन्त्र गरिरहेका थिए त्यसैबेला येशूको शिरमा अत्तरले अभिषेक गरिएको थियो। जब धर्मका नाउँमा खडाभएका अतिवादी धार्मिक गुरूहरूले येशूलाई मार्ने योजना बनाइरहेका थिए, त्यसबेला एक स्त्रीले आएर आफूसँग भएको सिहँमर्मरको भाँडो खोलेर अति महँगो अत्तर उहाँको शिरमा खन्याएर आफ्नो प्रेम बगाउँछिन् (मत्ती २६:७ रूपान्तरित)।**

**त्यत्रो पैसा किन खेर पठायो भनेर चेलाहरूले गुनासो गर्दा येशूले त्यसको अत्यन्त सराहना गर्दै त्यो त अति उत्तम वा सुन्दर काम भएको भनेर आफ्नो भावना व्यक्त गर्नुहुन्छ। हो, येशूको शिरमा अत्तर पोखाउनु मानविय हिसाबले पैसा खेर गएको देखिएतापनि त्यस स्त्रीले (मेरी) येशूमाथि आफ्नो सच्चा र गहिरो प्रेम पोखाइरहेकी थिइन्। ती स्त्रीलाई आफूले गरेको त्यस कामको पूरा अर्थ थाहा नभएतापनि येशूप्रति आफू कति ऋणी भएको सार्वजनिक रूपमा व्यक्त गरेकी थिइन्। त्यसैकारण आफूसँग भएको सबै थोक उहाँलाई दिन चाहेकी थिइन्। उनले येशूको यो वचन सुनेर मनमा राखेकी थिइ होलान् “प्रत्येक व्यक्ति जसलाई धेरै दिइएको छ त्यसबाट धेरै अपेक्षा गरिनेछ।" (लूका १२:४८ रूपान्तरित)। मेरीले गरेकी भन्दा येशूले धेरै गर्नुभएको कामहरू चेलाहरूले देखेका त थिए। तर मेरीले गरेकी कामको अर्थ अझ तिनीहरूले बुझ्न सकेको थिएन।**

**"दिने व्यक्तिको हृदयमा प्रेमको प्रवाह भएको अत्तरको प्रतिकले जनाउँदछ। त्यो स्वर्गको नहर वा आशिषबाट तृप्त हुँदा आफ्नो हृदय प्रेमले भरिभराउ भएको देखाउन त्यस कृतज्ञ स्त्री प्रेमको उपहार थियो। अनि जुन् अत्तर येशूको शिरमा मेरीले खन्याउँदा चेलाहरूले बेकारको भनेर गनगन गरेका थिए, त्यही अत्तर अरूहरूको नरम र संवेदनशील हृदयहरूमा हजारौं पटक डोऱ्याइ तेऱ्याइ खन्याइरहेको छ।"-एलेन जी ह्वाइट, द एसडिए बाइबल कमेन्टरी, ठेली ५, पृ. ११०१बाट रूपान्तरित।**

येशूले हामीलाई के दिनुभयो त्यस परिप्रेक्ष्यमा हामीले पनि के गरिरहनुपर्छ भनेर त्यस कथाले हामीलाई सिकाउँछ? हामीहरूको व्यक्तिगत आत्मनिर्णयको अधिकारलाई प्रयोग गरेर हाम्रो निम्ति येशूले जे गर्नुभयो त्यसको बदलामा उहाँको निम्ति हामीले के सुन्दर काम गर्न सक्छौं?

## २. नयाँ करार वा सम्झौता (मत्ती २६:१७-१९)

मत्ती २६:१७-१९मा उल्लेख गरिएको छः "१७ खमिर नहालेको रोटी खाने निस्तार चाडको पहिलो दिन चेलाहरू येशूकहाँ आए र सोधे, "तपाईंको लागि चाडको भोज हामी कहाँ ठीक पारौं?" १८ उहाँले तिनीहरूलाई भन्नुभयो, "सहरमा एक विशेष मानिसकहाँ जाओ र भनिदेओः गुरुले यसो भन्नुभएको छ, 'मेरो बेला भयो। म आफ्ना चेलाहरूसँग तपाईंको घरमा निस्तार चाडको भोज खान चाहन्छु'।" १९ चेलाहरूले गएर येशूले अह्राउनुभएजस्तै गरे अनि त्यहीं नै चाडको भोज ठीक पारे।" त्यसबेला जे हुन गइरहेको थियो सो निस्तार चाढको बेलामा हुनु किन महत्त्व थियो? त्यसै सन्दर्भमा प्रस्थान १२:१-७ र १ कोरन्थी ५:७ पनि पढ्नुहोस्।

**प्रस्थानको कथा मुक्तिको कथा भनेर कहलाइन्छ। आफूहरूले गर्न नसकेको काम परमेश्वरले गर्नुभएको थियो। हामी सबैलाई येशूले जे गर्न गइरहनुभएको थियो त्यो चेलाहरूसँग खान लाग्नुभएको आखिरी भोजको प्रतिकले स्पष्ट पार्दछ।**

मत्ती २६:२६-२९मा येशूले चेलाहरूलाई के भनिरहनुभएको थियो र त्यो हाम्रो निम्ति पनि किन अर्थपूर्ण छ? हेर्नुहोस् "२६ खाइरहनुभएको बेलामा येशूले रोटी लिएर परमेश्वरसँग आशीर्वाद मागी टुक्र्याउनुभयो अनि चेलाहरूलाई बाँडिदिँदै भन्नुभयो, "यो लिएर खाओ, यो मेरो शरीर हो।" २७ त्यसपछि उहाँले कचौरा पनि लिनुभयो अनि परमेश्वरलाई धन्यवाद चढाएर

चेलाहरूलाई दिँदै भन्नुभयो, "यो तिमीहरू सबैले पिउनू। २८ यो नयाँ करार जोड्ने मेरो रगत हो, जो धेरै मानिसको पाप मेट्नलाई बगाइनेछ। २९ म तिमीहरूलाई भन्छु, मेरो पिताको राज्यमा तिमीहरूसँग नयाँ गरी नपिउञ्जेलसम्म म फेरि यो दाखमद्य पिउनेछैन।"

निस्तार चाढको गहिरो अर्थ येशूले चेलाहरूलाई औंल्याउनुभएको थियो। इजिप्ट अर्थात् मिश्रदेशबाट इस्राएलीहरूलाई गरिएको उद्धारले परमेश्वरको शक्तिको प्रदर्शनको अचम्मको उदाहरण थियो। तर देशबाट गरिने केवल उद्धार मात्र इस्रायलीहरू र हामीहरूको आवश्यक होइन। हामी येशूमा उद्धार पाउनुपर्छ जुन् अनन्त जीवन हो। "त्यसैकारणले येशू ख्रीष्ट नयाँ करारको सहजकर्ता हुनुभएको छ। जसलाई परमेश्वरले आफूतिर ल्याउनुभएको छ त्यसले उहाँले प्रतिज्ञा गर्नुभएको अनुसार अनन्त जीवन पाउनेछ। येशू ख्रीष्ट तिनीहरूको निम्ति मर्नुभएको कारणले त्यो जीवन तिनीहरूले अहिले नै पाउनेछ। प्रथम करारको अन्तर्गत रहेर तिनीहरूले गरेको पापबाट छुट्कारा दिन येशू मर्नुभएको थियो।" (हिब्रू ९:१५ रूपान्तरित)। नयाँ करारको प्रभु भोजको विधिमा प्रयोग गरिने रोटी र पिउने रसको यथार्थ अर्थलाई येशूले औंल्याउनुभएको थियो। ती सबैले क्रुसमा उहाँको मृत्युलाई औंल्याइएको थियो।

पुरानो करारमा इस्राएलीहरूले पवित्र मन्दिरमा गरिने विभिन्न पशुबलिहरूको बिधिले येशूको मृत्यु हुनेछ भनेर औंल्याइएको थियो। तर जब हामी प्रभु भोज र नम्रताको विधि पालन गर्छौं तब उहाँको मृत्यु भइसकेको भनेर देखाउँदछ। दुवै मामिलाले क्रुसमा येशू मर्नुहुनेछ भनेर हामीलाई देखाएको थियो।

तर येशू क्रुसमा टाँगियो भन्दैमा येशूको कथाको अन्त हुँदैन। येशूले चेलाहरूलाई भन्नुहुन्छ कि फलको रस त्यसबेलासम्म पिउनुहुन्न जबसम्म उहाँको पिताको राज्यमा तिनीहरूसँग बसेर पिइन्दैन (मत्ती २६:२९)। येशू ख्रीष्टले चेलाहरूलाई उहाँको आगमनको भविष्य र त्यो भन्दा अगाडितिरको जीवनलाई औंल्याउनुभएको थियो।

जबसम्म हामी उहाँको पिताको राज्यमा हुँदैनौं तबसम्म उहाँले फलको रस हामीसँग पिउनुहुन्न भनेर येशूले गर्नुभएको कबूललाई सोच्नुहोस्। हामीसँग उहाँ घनिष्ट रहने चाहनालाई त्यसले कसरी बताउँछ? अहिले नै हामी उहाँसँग घनिष्ट रहेको कसरी आभास् पाउने?

## ३. गेतसमनी (मत्ती २६:३६-४६)

किद्रोन उपत्यकाको पहाडबाट रहेको परमेश्वरको मन्दिरमा पुजारीहरूले निस्तार चाढको बेलामा हजारौं हजार भेंडाका पाठाहरूलाई बलि दिन्थे। पाठाहरूको बलिको रगत बेदीमा चढाइन्थ्यो र त्यसबाट बगेको रगत किद्रोन उपत्यकामा रहेको खोलामा बहन्थ्यो। त्यो खोला पाठाहरूको रगतले रातो हुनसक्थ्यो। गेतसमनीको बगैंचमा जानेबेलामा येशू र उहाँका चेलाहरूले त्यस खोला पार गरेको हुनुपर्छ।

येशूलाई गेतसमनीको अनुभव किन कठिन र पिडादायी भएको थियो? त्यहाँ यथार्थमा के भइरहेको थियो? हेर्नुहोस्, मत्ती २६:३६-४६ “३६ त्यसपछि येशू आफ्ना चेलाहरूसँग गेतसमनी भन्ने बगैंचामा जानुभयो। त्यहाँ पुगेर उहाँले चेलाहरूलाई भन्नुभयो, “तिमीहरू यहीं बसिराख है, म अलि पर गएर प्रार्थना गर्छु।” ३७ तर पत्रुस र जब्दियाका दुई छोरालाई चाहिँ उहाँले आफूसँगै लानुभयो अनि येशू असाध्यै दुःख र पीडामा पर्नुभयो। ३८ उहाँले चेलाहरूलाई भन्नुभयो, “मेरो मन दुःखले छटपटाएर मुटु नै फुट्लाजस्तो भइरहेछ। तिमीहरूचाहिँ जागा भई यहाँ बसेर मलाई साथ देओ।” ३९ उहाँचाहिँ अलिक पर गएर भूइँमा घोप्टो परी यसो भन्दै प्रार्थना गर्न लाग्नुभयो, “हे मेरा पिता, हुन सक्छ भने यो दुःखको घुट्को मबाट हटाइदिनुहोस्। तैै पनि मेरो इच्छा त होइन, तपाईंकै इच्छा पूरा होस्।” ४० येशू उठेर तीन जना चेलाहरू भएको ठाउँमा फर्केर आउनुहुँदा तिनीहरू निदाइरहेका भेट्टाउनुभयो। येशूले पत्रुसलाई भन्नुभयो, “के तिमीहरू एक घण्टा पनि मेरो लागि जागै बस्न सक्दैनौ? ४१ तिमीहरू ‘आइपर्ने जाँचको बेला पापमा नफसौं’ भनी जागै बसेर प्रार्थना गर। साँच्चै आत्माचाहिँ तयार छ, तर शरीर भने कमजोर छ।” ४२ फेरि गएर येशूले दोस्रोपल्ट यसो भनेर प्रार्थना गर्नुभयो, “हे मेरा पिता, यो दुःखको घुट्को मैले नलिई नहुने भए, तपाईंकै इच्छा पूरा होस्।” ४३ अनि फेरि चेलाहरू भएको ठाउँमा फर्केर आउनुहुँदा तिनीहरू फेरि पनि निदाइरहेका भेट्टाउनुभयो। तिनीहरूले आँखा उघार्न नै सकेनन्। ४४ अनि येशूले तिनीहरूलाई त्यत्तिकै छोडेर गई तेस्रोपल्ट फेरि अघिजस्तै प्रार्थना गर्नुभयो। ४५ त्यसपछि उहाँ चेलाहरू भएको ठाउँमा फर्की आएर भन्नुभयो, “के तिमीहरू अझै सुतेर आराम लिंदै छौ? सुन, म मानव पुत्र पापी मानिसको हातमा सुम्पिने बेला भइसक्यो। ४६ अब उठ, जाऔं! हेर, मलाई पक्राइदिने मानिस पनि आइसकेछ।”

उहाँबाट कचौरा हटि जाओस् भनेर प्रार्थना गर्दा भौतिक मृत्युदेखि येशू डराउनुभएको थिएन। जुन् कचौरा येशूले पिउन चाहनुभएको थिएन त्यो कचौरा परमेश्वरसँ अलग हुने कचौरा थियो। उहाँ हाम्रै निम्ति पाप भएर र हाम्रो ठाउँमा मर्नु भनेको पापमाथि परमेश्वरको क्रोधलाई ग्रहण गरेर त्यसको नतिजा आफूले भोग्नु पर्छ भनेर येशूलाई थाहा थियो। त्यसले गर्दा आफ्नो पिताबाट अलग हुनु आवश्यक थियो। परमेश्वरको पवित्र व्यवस्था वा दश आज्ञाहरू तोड्नु भनेको गम्भिर मामिला हो र त्यो तोड्ने मानिसको मृत्युको आवश्यक थियो। येशू आउनुभयो ताकि मानिसहरू मर्नुपर्ने ठाउँमा उहाँ मर्नुभयो जसले गर्दा पापले ल्याउने नतिजाबाट हामीले उद्धार पाउन सकौं। हामी हरेकको निम्ति येशूले हाम्रो मृत्युको सामना गर्नुपरेको थियो।

"येशूको दिमागमा उपरोक्त सोचहरूको संघर्ष गरिरहेको बेलामा परमेश्वरबाट अलग हुने थाहा पाएर उहाँको हृदय दुःख र कष्टले भरिएको थियो। यदि उहाँ पापी मानिसहरूको निम्ति मर्नुभयो भने उहाँ परमेश्वरबाट सदाको निम्ति अलगिनु हुनेछ भनेर शैतानले उहाँलाई घुसघुस्याइरहेको थियो। यदि त्यो भएमा उहाँ शैतानको राज्यमा पर्नुहुनेछ र परमेश्वरसँग उहाँ फेरि कहिलै मिल्नु हुने थिएन.....अत्यन्त आततायी क्षण आएको थियो जुन् क्षणले संसारको भविष्यको निर्धारण गरिने थियो। सारा मानव जगतको भाग्य त्यस तराजुमा कामिरहेको थियो। दुष्ट र पापी मानिसको निम्ति कचौरा पिउन ख्रीष्टले अस्वीकार गर्न सक्नुहुन्थ्यो। अबेर भइसकेको थिएन। आफ्नो निधारमा आएको रगतको पसिनालाई पुछेर मानिसहरू आफ्नै पापमा मरून् भनेर उहाँले छोड्न सक्नुहुन्थ्यो। उहाँले यो भन्न सक्नुहुन्थ्यो, *पाप गर्ने र परमेश्वरको आज्ञा तोड्नेले त्यसको नतिजा उसैले भोगोस्, तर म त पिताकहाँ जान्छु।* के परमेश्वरको पुत्रले महाकष्टको तितो कचौरा पिउनुहुनेछ? के निर्दोष येशूले पापको श्रापबाट आउने नतिजाको निम्ति भयानक दुःख भोग्नुहुनेछ जसले गर्दा दोषी मानिसहरू तिनीहरूको दोषबाट मुक्त होउन्?"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ६८७, ६९०बाट रूपान्तरित।

हाम्रो निम्ति येशूले जे गर्न राजी हुनुभयो त्यसले हामीहरूको जीवनको हरेक भागलाई कसरी प्रभाव पार्नुपर्दछ, विशेष गरेर जब हामीहरूले अरूलाई सहयोग गर्छौं? हामीहरूको जीवनमा येशू रहनुभएको छ भनेर देखाउन हामीहरूको चरित्र र रहनसहन उदाहरणीय हुन कसरी सिक्ने?

## ४. यहूदाले गद्दारी गरेर आफ्नो आत्मालाई बेच्दछ (यूहन्ना ६:७०)

**यहूदाको कथा अति वियोगन्त छ। यदि यरुशलेममा जानुभन्दा अघि उनि मरेको भए उनको नाउँ बाइबलको इतिहासमा अत्यन्त आदरणीय बीरहरूको नाउँको सूचीमा हुन्थ्यो। उनको नाउँमा चर्चका भवनहरू निर्माण हुन्थे होलान्। तर त्यसको सट्टामा उनि बदनामीहरूको पङ्क्तिमा राखिन पुग्यो।**

यहूदाको काम र चरित्र कस्तो थियो भनेर देहायका केही पदहरूले यसरी भन्दछ, "येशूले तिनीहरूलाई भन्नुभयो, "के मैले तिमी बाह्रै जनालाई छानिनँ र? तैपनि तिमीहरूमध्ये एक जनाचाहिँ शैतान हो।" यूहन्ना ६:७० र "३ त्यसै समय बाह्र जना चेलाहरूमध्ये यहूदा इस्करियोत भन्नेको हृदयमा शैतान पस्यो।" लूका २२:३-५।

**यहूदाको गतिको निम्ति शैतानलाई दोष दिनु ठिकै त होला। तर त्यसले एक प्रश्नलाई उब्जाउँछ। त्यस बेइमानको बाटोमा आफू लाग्न यहूदाले नै शैतानलाई उक्सायो भन्दा के हुन्छ र? यहूदामा होइन शैतानले पत्रुसलाई पनि ध्वस्त पार्न चाहेको थियो भनेर लूका २२:३१मा भन्दछ। तर यहूदाले आफूलाई परमेश्वरमा पूर्ण रूपमा समर्पण गर्न अस्वीकार गरेको थियो। त्यसैमा पत्रुस र यहूदाको बीचमा भएको अन्तर पाइन्छ। यहूदाले कुनै पापलाई छोड्न नचाहेको होला र उसको चरित्रको कमजोरीले शैतानले उसको दिमागमा अड्डा जमाउन सजिलो भएको थियो। यहाँ पनि व्यक्तिगत आत्मनिर्णयको स्वतन्त्रताको नतिजाको प्रभावकारी उदाहरण हामी पाउँछौं।**

दुःखदायी यहूदाको कथाबाट हामी के सिक्न सक्छौं? हेर्नुहोस्, "४७ येशूले यो कुरा भनिरहँदा बाह्र जनामध्ये यहूदा भन्ने एक जना चेलाचाहिँ आइपुग्यो। यहूदासँग लाठो र तरवार लिएका मानिसहरूको ठूलो दल थियो। तिनीहरूलाई मुख्य पूजाहारी र अरू अगुवाहरूले पठाएका थिए। ४८ पक्राइदिने यहूदाले ती मानिसहरूलाई 'जसलाई म म्वाइँ खान्छु, त्यही येशू हो, त्यसलाई नै पक्रिनू' भनेको थियो। ४९ अब यहूदाले सरासर येशूकहाँ गएर "अभिवादन गुरु" भनेर म्वाइँ खायो। ५० येशूले भन्नुभयो, "ए साथी! जे गर्न आएका हौ, त्यो गरिहाल।" त्यत्तिकैमा तिनीहरूले येशूलाई पक्रे।"- (मत्ती २६:४७-५०) र "१ बिहानीपख मुख्य पूजाहारी र अरू अगुवाहरूले येशूलाई मार्ने निधो गरे २ अनि तिनीहरूले उहाँलाई बाँधेर रोमी बडा-हाकिम पिलातसकहाँ लगेर सुम्पिदिए।

३ येशूलाई ज्यान सजाय दिएको कुरा सुनेर पक्राइदिने यहूदालाई पश्चात्ताप लाग्यो। त्यसले ती चाँदीका तीस सिक्का लिई मुख्य पूजाहारी र अरू अगुवाहरूकहाँ गएर ४ भन्यो, "मैले अपराध गरें, निर्दोष मानिसलाई मार्नलाई पक्राइदिएँ।" तिनीहरूले जवाफ दिए, "त्यसको हामीलाई के मतलब? त्यो त तिम्रो कुरा पो हो।" ५ यो सुनेर यहूदाले त्यो पैसा मन्दिरभित्र फ्याँकिदियो अनि त्यहाँबाट गएर त्यो झुण्डिएर मर्‍यो। ६ मुख्य पूजाहारीहरूले चाहिँ त्यो पैसा टिपेर भने, "यो त रगतको पैसा हो, यसलाई मन्दिरको ढुकुटीमा राख्नु ठीक हुँदैन।" ७ यसकारण तिनीहरूले परदेशीहरूका लाश गाड्न कुमालेको बारी भनिने जमिन किन्ने सल्लाह गरे। ८ त्यसैकारण आजसम्म पनि त्यो जमिनलाई 'रगतको जमिन' भन्ने चलन छ। ९ यसरी त्यति बेला यर्मिया अगमवक्ताले भनेको यो कुरा पूरा हुन आएको हो, "इस्राएलका मानिसहरूले उहाँको लागि तोकेको मोलचाहिँ चाँदीका तीस सिक्का थियो। त्यो तिनीहरूले लिए। १० अनि परमप्रभुले मलाई अह्राउनुभएजस्तै गरी तिनीहरूले त्यो पैसा कुमालेको बारीको लागि दिए।" मत्ती २७:१-१०

**यहूदाले आफ्नो नेतृत्वमा सिपाहीँहरूको फौज (६०० जना जति), मूल पुजार र यहूदी धर्मका अगुवाहरूलाई गेतसमनीमा आइरहेको हामी हेर्न सक्छौं। यहूदाको भाऊ कत्रो ठूलो भएको थियो त्यसबेला? मानिसहरूले के चाहन्छ सो तपाईंसँग केही छ भने यहूदासँग जस्तो तपाईंसँग पनि ठूलो शक्ति वा अधिकार हुनसक्छ। तिनीहरूलाई के चाहिएको थियो त्यो तपाईंसँग भयो भने ठिकै छ। तपाईंमा के छ त्यसको निम्तिमात्र तिनीहरू तपाईंको पछि लागेको हुन्छ। जब तिनीहरूलाई चाहिको कुरा तपाईंले दिनुहुन्छ तब तिनीहरूले तपाईंसँग केही सरोकार राख्दैन। केही घन्टा भित्रै यहूदा एक्लिन्छ र उसको साथमा कोही पनि हुँदैन।**

**अर्को महत्त्वपूर्ण पाठमा हामीहरूको ध्यान केन्द्रित गर्नुपर्छ। यहूदाले अनन्त जीवन गुमाएको थियो। त्यो पनि तिस टुक्रा चाँदीको निम्ति? चाँदीको भाऊ अनुसार आजको समयमा त्यो एक महिनादेखि चार महिनासम्मको तलब थियो। दसौं र सयौं गुणा पैसा आएतापनि यहूदाले कस्तो मोल चुकाउनुपर्‍यो, हेर्नुहोस् त? कथाले भन्दछ कि त्यो चाँदीका तुक्राहरू पनि उसले गुमाउनु परेको थियो। चाँदीका तुक्राहरूबाट उसले केही पनि फाइदा उठाउन सकेन। बरू जो मानिसहरूले उसलाई त्यो दियो तिनीहरूकै खुट्टामा ती चाँदीका तुक्राहरूलाई उसले फ्याँकि दिन्छ। येशूबाट तर्केर गएपछि जे पाएपनि त्यो बेकारको हुनेछ**

भनेर यहूदाको पैसाले ज्वलन्त उदाहरण सबैलाई देखाइएको छ। यहूदा अनन्त जीवन पाउन अत्यन्त नजिक थियो तर बेकारको निम्ति उसले त्यो जीवन फाल्न उसले निर्णय गर्दछ।

## ५. पत्रुसको इन्कार (मत्ती २६:५१-७५)

यहूदाले आफ्नै आत्मनिर्णयको आधारमा येशूको खिलाफमा गद्दारी गर्नेछ भनेर उहाँलाई थाहा थियो। बाइबलमा भएको धेरै उदाहरणमध्ये त्यो पनि एक उदाहरण होकि परमेश्वरलाई हामीहरूको व्यक्तिगत आत्मनिर्णयले हामीलाई के गर्छ भनेर उहाँलाई थाहा छ तर उहाँले हामीहरूको आत्मनिर्णयको अधिकारलाई उहाँले हस्तक्षेप गर्नुहुन्न न त खोस्नु नै हुन्छ। पत्रुसको निर्णय र यहूदाको निर्णयको बारेमा येशूलाई थाहा थियो। आफू येशूप्रति अत्यन्त आस्थावन भएको पत्रुसले गौरब गरेको थियो। तर सङ्कट आउँदा उनि भागे र त्यतिमात्र नभएर येशूलाई चिनेकै छैन भनेर किरिया पनि खाए।

पत्रुसले येशूलाई किन चिनेको छैन भनेर ठोकुवा गरे? हेर्नुहोस्, मत्ती २६::५१-७५ "५१ येशूको साथमा हुनेहरूमध्ये एउटाले हात बढ़ाएर आफ्नो तरवार झिक्यो, र मुख्य पूजाहारीको दासलाई प्रहार गऱ्यो, र त्यसको कान छिनाइदियो। ५२ तब येशूले तिनलाई भन्नुभयो, "तिम्रो तरवार म्यानमा हाल, किनभने तरवार लिने सबै तरवारैले नष्ट हुनेछन्। ५३ तिमी के ठान्दछौ, के म आफ्ना पितालाई बिन्ती गर्न सक्दिनँ, र उहाँले तुरुन्तै स्वर्गदूतहरूका बाह्र पल्टनभन्दा बढ़ी मेरो निम्ति पठाइदिनुहुन्न र? ५४ तर त्यसो भएदेखि यी कुरा यसरी हुनैपर्छ भनी धर्मशास्त्रमा लेखिएको कुरा कसरी पूरा हुने?" ५५ त्यसै बेला येशूले भीड़लाई भन्नुभयो, "डाँकूको विरुद्धमा आएझैं मलाई पक्रन तरवार र लाठाहरू लिएर तिमीहरू किन आयौ? म दिनहुँ मन्दिरमा शिक्षा दिँदै बस्थें, र तिमीहरूले मलाई पक्रेनौ। ५६ तर अगमवक्ताहरूका धर्मशास्त्रहरू पूरा होऊन् भनी यी सबै हुन आएका हुन्।" तब सबै चेलाहरू उहाँलाई छोड़ेर भागे। ५७ येशूलाई पक्रनेहरूले उहाँलाई प्रधान पूजाहारी कैयाफाकहाँ लगे। त्यहाँ शास्त्रीहरू र धर्म-गुरुहरू भेला भएका थिए। ५८ तर पत्रुस टाढ़ैबाट प्रधान पूजाहारीका भवनको आँगनसम्मै उहाँको पछिपछि लागे, र अन्त्यमा के हुने हो, सो हेर्नलाई भित्र पसेर पालेहरूसँग बसे। ५९ अब मुख्य पूजाहारी र जम्मै महासभाले येशूलाई मृत्युदण्ड दिनलाई उहाँको विरुद्धमा झूटो गवाही खोज्न लागे। ६० धेरै झूटो गवाही दिनेहरू आए, तर तिनीहरूले कुनै प्रमाण

पाएनन्। आखिरमा दुई जना अगि आए, ६१ र भने, "यस मानिसले 'म परमेश्वरको मन्दिर भत्काएर तीन दिनमा यसलाई निर्माण गर्न सक्छु' भन्यो।" ६२ तब प्रधान पूजाहारीले उठेर उहाँलाई भने, "के तँ केही जवाफ दिँदैनस्? यी मानिसहरूले तेरो विरुद्धमा दिएको गवाही के हो?" ६३ तर येशू चूप रहनुभयो। प्रधान पूजाहारीले उहाँलाई भने, "जीवित परमेश्वरको शपथ खाएर भन्दछु, हामीलाई बता, के तँ परमेश्वरको पुत्र ख्रीष्ट होस्?" ६४ येशूले तिनलाई भन्नुभयो, "तपाईंले नै भनिहाल्नुभयो। तापनि म तपाईंहरूलाई भन्दछु, अब उप्रान्त तपाईंहरूले मानिसको पुत्रलाई सर्वशक्तिमान्को दाहिने हातपट्टि बसेको, र आकाशको बादलमा आइरहेको देख्नुहुनेछ।" ६५ तब प्रधान पूजाहारीले आफ्ना वस्त्र च्याते र भने, "यसले त ईश्वर-निन्दा बोल्यो। हामीलाई अब अरू साक्षीहरूको के दरकार पर्‍यो र? तपाईंहरूले अहिले यसले बोलेको ईश्वर-निन्दा सुनिहाल्नुभयो। ६६ तपाईंहरूको के राय छ?" तिनीहरूले जवाफ दिए, "यो प्राणदण्डको योग्य छ।" ६७ तब तिनीहरूले उहाँको मुखमा थुकेर उहाँलाई मुक्का लगाए, र कसै-कसैले यसो भन्दै थप्पड़ लाए, ६८ "हे ख्रीष्ट, लौ, अगमवाणी भन्! तँलाई हिर्काउने को हो?" ६९ पत्रुस बाहिर आँगनमा बसिरहेका थिए। एउटी नोकर्नीले तिनीकहाँ आएर भनी, "तिमी पनि गालील-निवासी येशूसँग थियौ?" ७० तर तिनले उनिहरू सबैका सामुन्ने इन्कार गरेर भने, "तैंले के भन्दैछस्, म जान्दिनँ।" ७१ तिनी बाहिर दलानमा निस्केपछि अर्कीले तिनलाई देखी, र त्यहाँ भएकाहरूलाई भनी, "यो मानिस पनि येशू नासरीसँगै थियो।" ७२ तिनले फेरि शपथ खाएर इन्कार गरे, "म ती मानिसलाई चिन्दिनँ।" ७३ अलि बेरपछि त्यहाँ भएकाहरूले पनि नजिक आएर पत्रुसलाई भने, "साँच्चै, तिमी पनि तिनीहरूमध्येका एक हौ, किनकि तिम्रो बोलीले नै तिमीलाई जाहेर गर्दछ।" ७४ तब पत्रुसले आफैलाई सराप्दै शपथ खान लागे "म ती मानिसलाई चिन्दैचिन्दिनँ।" अनि तुरुन्तै भाले बास्यो। ७५ तब पत्रुसलाई येशूले भन्नुभएको यो कुरा याद भयो, "भाले बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ।" तब तिनी बाहिर गएर धुरुधुरु रोए।

**पत्रुस डराएर येशूलाई चिन्दिन भनेको भनेर कतिपयले तर्क गर्दछन्। तर पत्रुस सुरो थिए। त्यसैले आफूसँग भएको छुरीले नोकरको कान काटेर रोमी सिपाहीँहरूसँग लड्न अघि सरेका थिए (यूहन्ना १८:१०)। येशूको निम्ति बहादरीका साथ मर्न तयार थिए। तर येशूले उनलाई रोक्नुभएको थियो।**

तरवार उठाएर लड्न बहादुरी देखाउन सकेका पत्रुसले केही समयभित्रै येशूलाई चिनैकै छैन भनेर किरिया खान कसरी सक्यो? येशूको चेला होइन भनेर उनले किन इन्कार गरे? पत्रुसले किन भने, "त्यो मानिसलाई म चिन्दिँन!" (मत्ती २६:७२)।

हुनसक्छ पत्रुले येशूलाई नचिनेको महसुस गरेकोले होला उनले उहाँलाई चिनेको छैन भनेर जवाफ दिन्छन्। येशू किन आउनुभयो, कसको लागि आउनुभयो, आफूलाई पक्रन किन दिनुभयो त्यसको भित्री आत्मज्ञान उनमा नभएको उनले स्वीकारेको हुनुपर्छ। त्यसकारण त्रासको वातावरणमा आफू जाकिन पर्दा येशूलाई कहिलै पनि चिनेको छैन भनेर पत्रुसले जिकिर गर्छन्। येशूले के गरिरहनुभएको छ सो थाहा नपाएर नै उहाँलाई इन्कार गरेको हुनुपर्दछ होला। येशूले आफू राजा हुने अवसरलाई त्यागेको हुनाले पत्रुसले पनि उहाँलाई त्यागेको हुनसक्छ। पत्रुसले येशूमाथि पूरा भरोसा र विश्वास राख्नुको सट्टा येशूको बारेमा आफ्नै बुझाइमा भर परिरहेको देखिन्छ। येशूले गर्नुभएको सबै अचम्मको कामको बाबजूद र उहाँ ख्रीष्ट वा मसीह हुनुहुन्छ भनेर स्वीकारेतापनि (मत्ती १६:१६) उहाँसँग आफ्नो केही सरोकार नभएको जिद्दी गर्दछन्। पत्रुसको इन्कारले हामीलाई ठूलो पाठ सिक्नुपर्छ। जबसम्म हामीहरूको हृदय पूरारूपमा परमेश्वरमा सुम्पिँदैनौं वा आत्मपरिवर्तन वा कन्भर्ट हुँदैनौं तब सम्म यस संसारमा परमेश्वरले जतिसुकै अचम्मको काम गरेतापनि र अनेकौं चिन्हहरू देखाएतपनि हामी उहाँमा आस्थावान भएर सक्छौं भन्ने ग्यारेन्टी छैन।

जब पत्रुसले येशूलाई चिनैकै छैन भनेर तेस्रो पटक भन्दा उहाँले फर्केर पत्रुसको अनुहारमा सिधै हेर्नुभएको थियो भनेर लूकाले उल्लेख गर्दछन् (लूका २२:६१)। जब येशूले पत्रुसलाई प्रथम पटक भेट्नुभयो उनको भित्री मनमा गहिरिएर हेर्नुभएको थियो भनेर ग्रीक वा युनानी शब्द एमब्लेपो (emblepo) प्रयोग गरिएको छ। (यूहन्ना १:४२ हेर्नुहोस्)। पत्रुस जस्तो कमजोरी भएर हामी पनि कहिलेकाहीँ खस्किँदा परमेश्वरको प्रेम हामीबाट हटिन्दैन भनेर पत्रुसको अनुभवले हामी कसरी सिक्नसक्छौं।

**उपसंहारः**

थप जानकारीः **सन् १९५९मा दुई** हत्याराहरू **अमेरिकाको कानसास राज्यको एउटा घरभित्र पसेर दुई जना युवा छोराछोरी र तिनीहरूको आमाबाबुलाई** हत्या

गरेका थिए। हत्याराहरूलाई भेट्टाउनुभन्दा पहिले मारिएको बुबाको दाजुले स्थानीय अखबारमा यो सन्देश लेखेको थियोः "यस टोलका मानिसहरू धेरै क्रुद्ध भएका छन्। यदि हत्यारालाई भेट्टियो भने त्यसलाई रुखमै झुन्ड्याउनुपर्छ भनेर धेरै मानिसहरूको आवाज मैले सुनें। तर त्यस्तो भावनाले प्रेरित नहोऔं। जुन् काम नहुनुपर्ने थियो भइयो र अर्कोको जीवनलाई खोसेर मरेका मानिसहरू फर्केर आउँदैनन्। बरू परमेश्वरले चाहेको अनुसार हामीले ती हत्याराहरूलाई क्षमा देऔं। तिनीहरूप्रति हामीहरूको हृदयमा रिस राखिराख्नु ठिक छैन। जसले हत्या गऱ्यो त्यसले आफ्नो जीवन जिउन अत्यन्त कठिन भएको भेट्टाउनेछ। यदि परमेश्वरकहाँ गएर उसले क्षमा माग्यो भनेमात्र उसले शान्ति पाउन सक्छ। त्यस मानिसको अगाडि हामी बाधक भएर नबसौं बरू उसको लागि प्रार्थना गरौं ताकि उसले शान्ति पाउन्।"-ट्रुमान क्यापोट, इन कोल्ड ब्लड (न्यु योर्कः मोडर्न लाइब्रेरी, २०१३), पृ. १२४बाट रूपान्तरित।

हत्याको कुरालाई पन्छाएर यस कथामा हामी अनुग्रहको अत्यन्त प्रभाकारी उदाहरण देख्न सक्छौं जुन् येशूले हामी सबैलाई दिन चाहनुहुन्छ। येशूलाई कुनै बहाना नभएको इन्कार पत्रुसले गरेतापनि पत्रुसलाई ख्रीष्टले क्षमा दिनुभयो र मानिसहरूलाई प्रभुमा ल्याउने र सिकाउने जिम्मा उहाँले दिनुभयो। "येशूलाई चिनेकै छैन भनेर पत्रुसले इन्कार गरेतापनि उनलाई यो महसुस भइको उनको प्रभुले उनलाई कस्तरी चिनेको रहेछ र उनको गलत हृदयलाई उहाँले कसरी सिद्धसँग पढ्न सक्नुभयो। आफ्नो भुलप्रति पत्रुसले ठूलो खेद व्यक्त गरे। पत्रुसलाई थाहा नभएको आफू कस्तो गलत रहेछ भन्ने ज्ञान प्रभुले देख्नुभएको थियो।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ७१३बाट रूपान्तरित। पत्रुसलाई आफू को हो भनेर थाहा पाउनुभन्दा अघि येशूलाई उनको बारेमा थाहा थियो। येशूलाई चिनेको छैन भने दावी गर्नुमा पत्रुसबाहेक कसैको दोष नभएतापनि येशूको प्रेम र अनुग्रह उनमाथी रहिरहेको थियो। जब त्यही खालका भुल गर्ने मानिसहरूसँग हामी कारोबार गर्छौं तब हामीले पनि अनग्रह दिन सिक्नुपर्छ जसरी हामीले पनि पाऔं भनेर अपेक्षा गर्छौं।

**चिन्तनमननः**

अ. "आत्मपरिवर्तन वा कन्भर्जनको प्रत्येक कथाले आशिषमय हार भएको देखाउँछ।" भनेर इसाई चिन्तक सी.एस लिविसले लेखेका थिए।

त्यसको अर्थ के हो? त्यस्तो खालको हारको बारेमा तपाईंले के अनुभव गर्नुभएको छ। के हारिएको छ र के जितिएको छ?

आ. गेतसमनीमा पिडादायी अनुभवमा येशूले यदि सम्भव भएमात्र कचौरा हटियोस् भनेर प्रार्थना गर्नुभएको थियो। यदि मानिसहरूले मुक्ति पाउनु छ भनेर येशूले आफ्नै ज्यान गुमाउनु पर्ने रहेछ भनेर त्यसले कसरी आभास् दिन्छ? किन? हामीहरूको पापको निम्ति ये्शूको मृत्यु किन धेरै धेरै महत्त्वपूर्ण थियो? पापको समस्या हल गर्न परमेश्वरले किन अर्कै उपाय रच्नुभएन? ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् द्वन्धलाई मनमा राखेर त्यो प्रश्नको जवाफ सोच्नुहोस्